आकाशवाणी समाचार- नेपाली

मितिः ०६ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी 18 जनवरीमा सिंगुरमा सार्वजनिक जनसभालाई सम्बोधन गर्नुहुनेछ।

२. पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले हिजो मुरीगंगा नदीमाथि गंगासागर पुलको शिलान्यास गर्नु भएको छ।

३. राज्य सरकारले गंगासागर मेलाको लागि व्यापक तयारी पूरा गरेको छ।

४. पश्चिम बंगालमा एसआईआर अवधि जोखिममा परेका समुदायहरूको लागि चुनाव आयोगले राज्यका चयनित जिल्लाहरूमा 160 विशेष विकेन्द्रीकृत सुनवाई केन्द्रहरू स्थापना गर्ने फसेला लिएको छ।

५. हिल तृणमूल कांग्रेसको माइनोरिटी सेलद्वारा हिजो खरसाङमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको जन्म दिन पालन गरेको छ|

**प्रधानमन्त्री नरेन्द्र मोदीको सिंगुरमा जनसभा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी 18 जनवरीमा सिंगुरमा सार्वजनिक जनसभालाई सम्बोधन गर्नुहुनेछ। सभाको तयारी तीव्र पारिएको छ। हिजो भाजपाका हुगली जिल्ला अध्यक्ष गौतम चटर्जीको नेतृत्वमा जिल्ला र राज्यस्तरीय नेताहरूले सिंगुरको गोपालनगर क्षेत्रमा सम्भावित सभा स्थलहरूको निरीक्षण गरे। निरीक्षणको क्रममा, टाटा समूहले छोडेको जग्गासहित सिंगुरका धेरै स्थानहरूको समीक्षा गरियो। हुगली जिल्ला भाजपा अध्यक्ष गौतम चटर्जी, प्रदेश भाजपा सचिव दीपांजन गुहा र धेरै वरिष्ठ पार्टी नेताहरू उपस्थित थिए।

स्थल निरीक्षणपछि, गौतम चटर्जीले प्रधानमन्त्री नरेन्द्र मोदीको सिंगुर भ्रमण पुष्टि भएको र सभाको लागि उपयुक्त स्थान छनौट भइरहेको बताउनु भएको छ। उहाँले भन्नु भयो, टाटाको जग्गाबाहेक अन्य स्थानहरूमा पनि विचार गरिँदैछ, र सभा त्यहाँ आयोजना गरिनेछ जहाँ सबै सुविधाहरू उपलब्ध छन्।

उहाँले भन्नु भयो, प्रधानमन्त्रीलाई सिंगुर ल्याउनुको उद्देश्य स्पष्ट छ। यदि २०२६ मा भाजपा सत्तामा आयो भने, टाटालाई सिंगुरमा फिर्ता ल्याउने प्रयास गरिनेछ। उहाँले दाबी गर्नु भयो, जसरी सिंगुरले तृणमूल कांग्रेसको राजनीतिक उदयलाई चिन्हित गर्‍यो, त्यसरी नै सिंगुरले पनि सत्तारुढ दलको पतनको सुरुवात गर्नेछ।

**मुख्यमन्त्री ममता - गंगासागर पुलको शिलान्यास**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले हिजो मुरीगंगा नदीमाथि गंगासागर पुलको शिलान्यास गर्नु भएको छ। यो लगभग पाँच किलोमिटर लामो पुलको निर्माणले सागर टापुमा स्थायी सडक सम्पर्क प्रदान गर्नेछ, जहाँ गंगासागर मेला वार्षिक रूपमा आयोजना गरिन्छ। लगभग 1670 करोडको लागतमा निर्मित यो चार लेनको पुलले काकद्वीपलाई हुगली नदी र बंगालको खाडीको संगममा अवस्थित सागर टापुसँग जोड्नेछ। पुलले सागर टापुमा सबै मौसममा सडक पहुँच प्रदान गर्नेछ।

देशभरबाट लाखौं भक्तजन प्रत्येक वर्ष १४ जनवरीमा मकर संक्रान्तिको अवसरमा दक्षिण २४ परगना जिल्लाको सागर टापुमा गंगासागर संगममा स्नान गर्न र कपिल मुनि मन्दिरमा पूजा गर्न ओइरिन्छन्। हाल, टापुमा पहुँचको एक मात्र माध्यम फेरी सेवा हो, जुन गंगासागर मेलाको समयमा भारी भीड र उच्च ज्वारभाटाका कारण प्रायः अवरुद्ध हुन्छ।

समारोहमा, पश्चिम बंगाल सरकार र निर्माण कम्पनी, लार्सन एण्ड टुब्रो (LNT) बीच परियोजनासँग सम्बन्धित कागजातहरू औपचारिक रूपमा आदानप्रदान गरियो। यस अवसरमा मुख्यमन्त्री आफैं उपस्थित हुनुहन्थ्यो।

**गंगासागर मेलाको लागि तयारी पुरा**

राज्य सरकारले गंगासागर मेलाको लागि व्यापक तयारी पूरा गरेको छ। कोलकाताबाट गंगासागर जाने तीर्थयात्रीहरूको सुविधा र सुरक्षाको लागि सबै आवश्यक व्यवस्था गरिएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले हिजो घोषणा गर्नु भयो, उहाँले ८ जनवरीमा आउटराम घाटमा गंगासागर जाने तीर्थयात्रीहरूलाई भेट्नु हुनेछ र अन्य राज्यका भक्तजनसँग पनि अन्तरक्रिया गर्नु हुनेछ।मुख्यमन्त्रीले भनु भयो, मेलामा आउने तीर्थयात्री र तीर्थयात्रीहरूसँगै, कर्तव्यमा रहेका पत्रकारहरूलाई पनि पाँच लाख रुपियाँको बीमा कभर गरिएको छ। उहाँले भन्नु भयो, पत्रकारहरूले गंगासागर मेलाको बारेमा जानकारी जनतामा फैलाउन महत्त्वपूर्ण भूमिका खेल्छन् र यो कदम उनीहरूको जिम्मेवारीलाई ध्यानमा राखेर उठाइएको छ।मुख्यमन्त्रीका अनुसार, यो बीमा कभर ७ जनवरीदेखि १९ सम्म लागू हुनेछ।

**एसआईआर - पश्चिम बंगाल**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण अर्थात एसआईआर अवधि जोखिममा परेका समुदायहरूलाई मतदान गर्ने अधिकारदेखि वञ्चित नहोस् भनेर निर्वाचन आयोगले ठूलो कदम उठाएको छ। आयोगले राज्यका चयनित जिल्लाहरूमा 160 विशेष विकेन्द्रीकृत सुनवाई केन्द्रहरू स्थापना गर्ने फसेला लिएको छ।

**मुख्य निर्वाचन अधिकारी कार्यालयसित जोड़िएका अधिकारीहरू अनुसार यी 160 केन्द्र दार्जीलिङ, कालेबुङ, अलिपुरद्वार, जलपाईगुड़ी, झाड़ग्राम, पुरुलिया, पश्चिम मेदिनीपुर, बाँकुड़ा, नदिया, पश्चिम बर्दवान, हावड़ा र उत्तर 24 परगना जिल्लामा खोलिनेछ। आवश्यकता परे दक्षिण 24 परगनाका तटीय क्षेत्रहरूमा पनि यस्ता केही केन्द्रहरू स्थापना गर्न सकिन्छ।**
**सूत्रले बताए अनुसार यी जिल्लाहरूका मेजिस्ट्रेट जो जिल्ला निर्वाचन अधिकारी पनि हुन्,- ले आ-आफ्नो क्षेत्रमा यस्तो विशेष केन्द्र खोल्ने प्रस्ताव मुख्य निर्वाचन अधिकारीको माध्यमबाट निर्वाचन आयोगलाई पठाएको थियो। मागको वैध्दतालाई मध्यनजर गर्दै आयोगले यो प्रस्तावलाई स्वीकृति दिएको छ।**
**मुख्य निर्वाचन अधिकारी कार्यालय अनुसार एसआईआरको शुरुआतबाटै निर्वाचन आयोग यस कुरालाई संवेदनशील रहिआएको छ कि जोखिममा परेका समुदायका मानिसहरूलाई प्रक्रियात्मक जटिलताको कारणले मतदाता सूचीदेखि नहटाइयोस्। त्यसैले समय-समयमा उनीहरूको लागि विशेष छुट दिइएको छ। 160 सुनवाई केन्द्र खोल्ने निर्णयलाई यसै दिशामा उठाइएको ताजा कदम मानिँदैछ।**

**खरसाङमा मुख्यमन्त्रीको जन्म दिन पालन**

हिल तृणमूल कांग्रेसको माइनोरिटी सेलद्वारा हिजो खरसाङमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको 71औं जन्म दिन पालन गरेको छ। खरसाङको हिल तृणमूल कांग्रेसको पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा केक काटेर मुख्यमन्त्रीको जन्मदिन मनाइएको छ। यस अवसरमा हिल तृणमूल कांग्रेस माइनोरिटी सेलको दार्जिलिङ जिल्लाका उप सभापति सराफत अलि, खरसाङ टाउन कमिटीका उप सभापति असफक हुसेन लगायत अन्यहरु उपस्थित रहेका थिए। हिल तृणमूल कांग्रेस माइनोरिटी सेलको दार्जिलिङ जिल्लाका उप सभापति सराफत अलिले राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको जन्म 5 जनवरी, 1955 सालमा भएको बताउनु भयो। उहाँले आफूहरु मुख्यमन्त्री ममता ब्यानर्जीको अगुवाईमा काम गर्न सदैव तयार रहेको र मुख्यमन्त्रीको अगुवाईमा काम गर्न खुशी लाग्ने पनि बताउनु भएको छ।

**पथश्री योजना अन्तर्गत सिटोङमा सडक निर्माण**

खरसाङ महकुमा अन्तर्गत सिटोङ लाटपञ्चर समष्टिको सिटोङ एक घलेटारको माजेडाँडादेखि उत्तरपूर्व शेल्पुसम्म जाने लगभग ४ किलोमिटरको सडक निर्माण कार्य अहिलेघरि चलिरहेको छ। पथश्री योजना अन्तर्गत गत केही महिना अघि जीटीए प्रमुख कार्यपाल अनित थापाले उक्त सडकको शिलान्यास गर्नु भएको थियो। यसरी नै सिटोङको पर्यटकीय स्थल आहाल डाँडा भ्यु पोइण्ट शेल्पुदेखि सत्संग भवनसम्मको डेढ किलोमिटरको सडक पनि यसै योजना अन्तर्गत निर्माण कार्य भइरहेको छ। यसरी नै शेल्पुको मध्य भागमा गाउँ कभर गरेर सडक बनिन गइरहेकोमा क्षेत्रवासी जनता धेरै खुशी छन् भने ठेकादारले यथाशीघ्र गुणस्तरीय ढाँचामा सडक बनाईदिनेछन् भन्ने कुरामा पनि आशावादी रहेका छन्।

## हाम्रो हिल तराई डुवर्स श्रमिक संघको सभा

चिया श्रमिकहरूको समस्याहरूमाथि हिजो इण्डियन गोर्खा जनशक्ति फ्रण्टको श्रमिक संगठन हाम्रो हिल तराई डुवर्स श्रमिक संघको सभा तीनधारे महानदी समष्टिको शिवखोलास्थित सार्वजनिक भवनमा सम्पन्न भयो। सभामा पार्टीको केन्द्रिय संयोजक अजय एडवर्ड्स विशेष रूपमा उपस्थित रहनु भएको छ। त्यसरी नै पार्टी केन्द्रीय कार्यकारिणी सदस्य एनबी खवास लगायत पार्टीको अन्य शीर्ष नेतृत्वहरूको उपस्थिति रहेको थियो।
तीन घण्टाभन्दा लामो समयसम्म चलेको सभामा पहाड तराई डुवर्स आदि क्षेत्रहरूमा कार्यरत चिया श्रमिकहरूले भोग्दै आएको समस्याहरूमाथि गहन चर्चा भयो। श्रमिकहरूको हक र अधिकारीको पक्षमा उचित कदम उठाउने सभामा चर्चा भयो।

## नेपाल र भारतका पत्रकारहरुमाझ मैत्री फुटबल हुने

नेपाल र भारतका पत्रकारहरुद्वारा बलियो सम्बन्ध निर्माण गर्न र पर्यटन प्रवर्द्धन गर्न फुटबल खेल्ने भएका छन्। पहिलो 'भारत-नेपाल मेचीनगर मिडिया कप' फुटबल प्रतियोगिता आगामी ११ र १२ जनवरीमा झापाको काकडभिट्टा सीमामा नेपाल र भारतको उत्तर बंगाल र सिक्किम क्षेत्रका कार्यरत पत्रकारहरूबीच आयोजना हुनेछ। यस मैत्री फुटबल टुर्नामेन्टको लागि हिजो खेल तालिका पनि सार्वजनिक गरिएको छ। यो फुटबल टुर्नामेन्ट दुई राष्ट्रहरूबीचको बलियो सम्बन्ध बढाउने, विचार र समाचार साझा गर्ने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको हो, कार्यक्रमको आयोजक प्रेस क्लब मेचीनगरका अध्यक्ष प्रकाश पौडेलले बताउनु भएको छ। उहाँले जानकारी दिनु भए अनुसार, काकडभिट्टा सरकारी विद्यालयको मैदानमा आठ मिडियासँग सम्बन्धितहरुले भाग लोइनेछन् । विजेताले पचास हजार नेपाली रुपियाँ नगद पुरस्कार पनि प्राप्त गर्नेछन् भने उप विजेताले 25 हजार रुपियाँ प्राप्त गर्नेछन।

## हतियारसहित युवक पक्राउ

चोपड़ा थाना अधिनस्थ हप्सियागछ ग्राम पञ्चायत क्षेत्र निवासी एकजना युवकलाई गत आइतवार राती पुलिसले आग्नेयास्त्रसितै पक्राउ गरेको छ।चोपड़ा थाना पुलिस सूत्र अनुसार स्थानीय एउटा पुलको नजिकैबाट उक्त युवकलाई पक्राउ गरियो। जाँच गर्दा उसित एउटा आग्नेयास्त्र र दुई राउण्ड कारतूस थियो जसलाई जफत गरिएको छ। पुलिसले आरोपीलाई हिरासतमा लिएको छ। उसलाई हिजो इस्लामपुर अनुमण्डल अदालतमा पेस गरी पुलिस हिरासतको माग गरेको छ।

****** ० ******